# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असार २० गते, २०७५ साल (अतिरिक्ताङ्क १२

## भाग ३

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

नेपाल सरकारले नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची -२ मा रहेका मन्त्रालयको कार्य विभाजनमा देहाय बमोजिम हेरफेर गरेको छ :-

(क) क्रमसङ्ख्या १ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको बुँदा नं. ३४ मा रहेका "सम्पत्ति शुद्धीकरण विभाग" भन्ने शव्दहरुको सट्टा "सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग" भन्ने शव्दहरु राखिएका छन् ।

(ख) क्रमसङ्ख्या १० को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको बुँदा नं. १६ मा रहेका "रज्जुमार्ग, केवलकार" भन्ने शव्दहरु झिकिएका छन् ।

(ग) क्रमसङ्ख्या १८ को सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको बुँदा नं. २७ पछि देहायको बुँदा नं.२७क. थपिएको छ :-

"२७क. रज्जुमार्ग, केवलकार सम्बन्धी नीति, कानून र मापदण्ड;"

(घ) क्रमसङ्ख्या २० को सहरी विकास मन्त्रालय अन्तर्गतको बुँदा नं.११ पछि देहायको बुँदा नं. ११क. थपिएको छ :-

"११क. राष्ट्रियस्तरको पार्क, मनोरञ्जन स्थलसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;"

**आज्ञाले,**
**बुद्धिवहादुर खड्का**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३